## तानसेन नगरपालिका कार्यालयको कर तथा शुल्क उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७२।३।१४

तानसेन नगरपालिकाको १९औं नगरपरिषद्को निर्णय तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ एंव तत् सम्बन्धी नियमावली २०५६ को अनुसूची १९ (नियम १४७ संग सम्बन्धीत) बमोजिम तानसेन नगर क्षेत्र भित्र तोकिएको स्थानहरुमा पीर्किङ्ग शुल्क उठाउन, श्रीनगर पार्कमा प्रवेश शुल्क, पार्किङ्ग शुल्क, पिकनिक शुल्क चलचित्र छायांङकन शुल्क उठाउन र ऐनको दफा १४३ अनुसार विज्ञापन प्रयोजनको लागि विभिन्न कम्पनी, उद्योगहरुले राख्ने विज्ञापन (होडिङ्ग बोर्ड) हरुको विज्ञापन कर आ.व. २०७३।०७४ (२०७३ श्रावण १ गते देखि २०७४ असार मसान्त सम्म) उठाउनका लागि १५ दिनको म्याद राखी यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक व्यक्ति, संघ संस्था, फर्मले निर्धारित समय भित्र बोलपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. बोलपत्र लिन ईच्छुक संस्था/फर्म/व्यक्तिले क्रमशः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/फर्म दर्ता/नविकरणको प्रतिलिपि, स्थाई लेखा नं. (प्यान) को/मूल्य अभिवृद्धि कर प्रमाणपत्र प्रतिलपि, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण प्रतिलिपि, रु. ३०० तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गरी सिलबन्दी बुझाउनु पर्नेछ ।

२. सिलबन्दी बोलपत्रमा निर्धारित न्यूनतम अङ्क नघट्ने गरी कबोल गरेको रकमको अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

३. सबै भन्दा बढि रकम कबोल गर्ने बोलपत्रदाताको कबोल अङ्क स्वीकार गरीने छ।

४. बोलपत्र सूचना प्रकाशित भएको मितिले १४ औं दिनको १२:०० बजे सम्म ता.न.पा. कार्यालयबाट खरिद गरी सक्नु पर्ने ।

५. सिलबन्दी बोलपत्र को साथ आफुले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुन आउने रकम यस ता.न.पा. कार्यालयको राष्ट्रिय बाणिज्य बैंकको पाल्पामा रहेको धरौटी खाता नं. ३०३०३००३०११ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिउँसो २ बजे सम्म ।

७. बोलपत्र खोलिने दिनः बोलपत्र दाखिला हुने दिनको ३:०० बजे ।

८. सिलबन्दी बोलपत्र रहेको खाम बाहिर आफ्नो नाम ठेगाना उल्लेख गर्नु पर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. म्याद नाघि वा रित नपूगी वा कुनै शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

ठेक्काको विवरण

| क्र.सं. | कामको विवरण | ठेक्का नं. | न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १. | पार्किङ्ग शुल्क उठाउन(नगरक्षेत्रभित्र नपाले तोकेको स्थानमा) | २०७२□०७३□००४ | ५५०००००।- | |
| २. | श्रीनगर पार्कमा शुल्क उठाउन(प्रवेश शुल्क, पार्किङ्ग शुल्क, पिकनिक शुल्क चलचित्र छायांङकन शुल्क नगरपालिकाको नियमानुसार उठाउनु पर्नेछ) | २०७२□०७३□००५ | ४००००००।- | |
| ३. | विज्ञापन कर संकलन | २०७२□०७३□००६ | १८०००००।- | |

विस्तृत जानकारीको लागि तानसेन नगरपालिका कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

कार्यकारी अधिकृत
तानसेन नगरपालिका कार्यालय